तेजाब वा अन्य घातक रासायनिक पदार्थको गैरकानूनी उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय ‘क’ वर्ग

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ फागुन ०८ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 February 20 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १७६

## सस्तो जमीन र ब्याजले वीरगंज कपडा उद्योगको हब बन्छ

प्रस, परवानीपुर, ६ फागुन/

पर्सा र बारा जिल्लास्थित वीरगंज–पथलैया औद्योगिक कोरिडोर कपडा उद्योगको लागि प्रचुर सम्भावना बोकेको क्षेत्र भएको व्यवसायीहरूले बताएका छन् ।

दुई/तीन वटा कुरा मात्र स्थानीय, प्रदेश र सङ्घ सरकारले सुनिश्चितता गरिदिए केही वर्षमैं कपडा उद्योगको मुख्य हबको रूपमा यो कोरिडोर विकसित हुने वीरगंजका कपडा उद्योगीहरूले बताएका छन् ।

बारा, परवानीपुरमा सञ्चालित नोवेल टेक्सटाइलका सञ्चालक विनय शाहका अनुसार सस्तो जमीन र सस्तो ब्याजमा ऋण उपलब्ध गराउन सरकारी पक्ष र स्थानीय स्तरबाट पहल हुनुपर्ने सुझाव दिए ।

अहिले वीरगंज–पथलैया औद्योगिक कोरिडोरमा मुख्य राजमार्गको दायाँ–बायाँका जग्गाको मूल्य प्रतिकट्ठा रु ७० लाख छ । यस्तो अवस्थामा कुनै पनि उद्योगीले १५–२० करोड रुपैयाँ खर्च गरेर उद्योग लगाउनुभन्दा वीरगंज–पोखरिया सडकखण्ड, जीतपुर–मनवा सडकखण्ड, जगरनाथपुर–मिलनचोक सडकखण्ड, वीरगंज–कलैया सडकखण्डलगायतका क्षेत्रमा लगानी गर्दा उपयुक्त हुन्छ ।

सरकारले सस्तो अर्थात् प्रतिकट्ठा ६ देखि ८ लाख रुपैयाँसम्म जग्गा पाउने ग्यारेन्टी गर्नुपर्ने कपडा उद्योगीहरूले बताए । उद्योग चलाउन वीरगंज–पथलैया खण्डलाई औद्योगिक कोरिडोर घोषणा गरेर विद्युत्, यातायात, पानीको निकासलगायत सुविधा भएको क्षेत्र निर्धारण गरे कपडा तथा गार्मेन्ट उद्योगमा दर्जनौं देशी–विदेशी उद्योगहरू भित्रिने उद्योगी शाहले प्रक्षेपण गरे । सोही उद्योगका अर्का सञ्चालक रमेश गाडियाका अनुसार कपडा उद्योगले कृषि, रोजगार र बजारसँग प्रत्यक्ष सरोकार राख्ने भएकोले कपडा उद्योग एउटा उद्योग मात्र नभएर विभिन्न उद्योगहरूको चेनक्रमको उद्योग भएको बताए । जस्तैः कपडा उद्योग चम्क्यो भने कपास खेती, धागो व्यवसाय, कपडा रङ्ने, बुन्ने तथा बजारीकरणलगायतका व्यवसायमा सकारात्मक असर पर्ने भएकोले रुग्ण उद्योगको श्रेणीमा रहेको नेपालका कपडा उद्योगहरू सरकारकै


तस्वीरः प्रतीक

हेपाहा प्रवृत्तिका कारण मारमा परेको बताए ।

सरकारले कपडा उद्योगलाई दिंदै आएको बिजुली खर्चमा पचास प्रतिशत छुट पनि गत आव २०७७/७८ देखि खोसेको चर्चा गर्दै पाँच करोड रुपैयाँसम्मको ऋणको ब्याजमा पाँच प्रतिशत छुट, आयकरमा पचास प्रतिशतसम्म छुट र मेशिन खरीदमा एक प्रतिशत छुटको सुविधा दिने गरेको छ । कपडा उद्योगको लागि आयात गरिने कच्चा पदार्थको हकमा पाँच प्रतिशत भन्सार महसूल सरकारले तोकेको छ ।

पछिल्लो समय नोवेल टेक्सटाइल, वीरगंजका अन्य उद्योगहरूमा कोहिनूर, एभरेस्ट, सुजुकी, शङ्कर, पाना, ब्रोदर, सन्तरालगायतका उद्योगहरूले एक्रेलिक, टेरिकटन, होजियारी (कटन–पोलिस्टर)लगायत गुणस्तरीय कपडा उत्पादन थालेसँगै बजारको मागलाई सम्बोधन गर्न पनि यस क्षेत्रका उद्योगहरू सफल भएको बताए ।

कपडा उद्योग सङ्घका सदस्य जीतेन्द्र लोहियाका अनुसार नेपालमा वीरगंज, विराटनगर, भैरहवा, काठमाडौं, चितवनलगायत ठाउँमा करीब पचासवटा ठूला कपडा उद्योगहरू छन् भने सयौं साना–मझौला उद्योगहरू सञ्चालनमा रहेको जानकारी दिए । त्यसैगरी, कपडा उद्योगमा करीब दश अर्ब रुपैयाँभन्दा बढी लगानी भएको उनले बताए ।

कोरोना महामारीले गत दुई वर्ष भारतीय सीमा सिल हुँदा भारतबाट तस्करीका कपडा नआउँदा स्वदेशी उद्योगीहरूलाई फाइदा पुगेको थियो । अहिले नेपालका लगभग सबै कपडा उद्योग आधुनिक प्रविधि अँगाल्दै गुणस्तरीय कपडा उत्पादनमा केन्द्रित भएका छन् । प्रहरी प्रशासनले तस्करीका कपडामा अङ्कुश लगाउने प्रयास गऱ्यो भने कपडा उद्योगहरू अझ राम्रो हुने अनुमान छ ।

नेपालमा बर्सेनि ६७ अर्ब ५० करोड रुपैयाँको लत्ताकपडा खपत हुने गरेको आकलन छ ।

## तीनजना महिलासहित ३९ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ७ फागुन/

राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा



तस्वीरः प्रतीक

पतञ्जलि योग समिति, पर्साले आयोजना गरेको रक्तदान कार्यक्रममा तीनजना महिलासहित ३९ जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।

रक्तदान कार्यक्रममा रञ्जु ठाकुर, सङ्गीता चौरसिया, सिलु गौतम, किशोरी साह, अनिल पटेल, विपिन आचार्य, कृष्ण प्रजापति, जीतेन्द्र महरा, सचिन कुशवाहा, रवि राउत, अनिल पटेल, मनिन्द्र आर्या, आकाशकुमार कायस्थलगायतले रक्तदान गरेको प्राविधिक झाले बताए ।

## सशस्त्रद्वारा भन्सार छलीको सामान बरामद

प्रस, परवानीपुर, ७ फागुन/

सशस्त्र प्रहरी बल नेपालले १६ लाख २१ हजार मूल्यबराबरको भन्सार छलीको सामानसहित एउटा मिनीट्रक नियन्त्रणमा लिएको छ ।

शनिवार सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीको सशस्त्र प्रसनि रामकेवल रायसहित पाँचजना समूहको स्क्वायड टोलीले विशेष सूचनाको आधारमा सर्लाही कविलासी–८ गौरमा मलङ्गवाबाट नवलपुर जाँदै गरेको बा.३ख ७३३६ नम्बरको मिनीट्रक चेकजाँच सो सामान फेला परेको सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीका प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक गणेश ठाडामगरले बताए ।

चेकजाँच गर्दै गर्दा चालक फरार भएकोले ट्रक र बरामद गरिएको अवैध सामान मलङ्गवा भन्सार कार्यालयमा बुझाइएको र चालकको खोजी भइरहेको सशस्त्र प्रहरी नायब महानिरीक्षक ठाडामगरले बताए ।


बरामद ट्रक । तस्वीरः प्रतीक

## गुणस्तरीय शिक्षा सम्बन्धमा युवाहरूबीच छलफल

प्रस, वीरगंज, ७ फागुन/

दिगो विकासका लक्ष्य, गुणस्तरीय शिक्षा, लैङ्गिक समानताका सम्बन्धमा वीरगंजमा युवाहरूबीच छलफल तथा अन्तर्क्रिया भएको छ ।

मधेस प्रदेशका आठ जिल्लाका २२ जना युवा सहभागी कार्यक्रम युवा संस्था, राइट हीयर, राइट नाउ र नेपाल एपिएसटीको सहकार्यमा आयोजना गरिएको थियो ।

अन्तर्क्रियामा मधेस प्रदेशभित्र दिगो विकासका लागि गुणस्तरीय शिक्षा र लैङ्गिक समानता सम्बन्धमा देखिएका चुनौतीका विषयमा युवाहरूले छलफल गरेका थिए ।

दक्ष जनशक्तिको अभाव, बनेका नियम कार्यान्वयन नहुनु, पितृ सत्तात्मक सोच, अन्धविश्वास नहट्दासम्म गुणस्तरीय शिक्षा र लैङ्गिक समानताले सार्थकता नपाउने सहभागी युवाहरूले बताएका थिए ।

युवा संस्थाकी कार्यक्रम संयोजक श्रेया श्रेष्ठले युवाहरूलाई समावेश गरेर


तस्वीरः प्रतीक

गुणस्तरीय शिक्षा र लैङ्गिक समानता सम्बन्धमा सचेत बनाउने र नयाँ पुस्ताको धारणालाई निर्णायक क्षेत्रमा पुऱ्याउने अभिप्रायले कार्यक्रम आयोजना गरिएको बताइन् । उनले छवटा प्रदेशमा यो कार्यक्रम सम्पन्न भइसकेको र शनिवार आर्थिक राजधानी वीरगंजमा कार्यक्रमको आयोजना गरिएको बताइन् ।

पर्सा, बारा, रौतहट, सर्लाही, सप्तरी महोत्तरी, सिराहा र धनुषाका युवाहरूले जिल्ला र गाउँमा गुणस्तरीय शिक्षा र लैङ्गिक समानतासम्बन्धी विद्यमान चुनौती र त्यसका समाधानका विषयमा जानकारी गराएका थिए ।

उनीहरूले प्रदेश र स्थानीय सरकारबाट यस सम्बन्ध भइरहेको पहलबारे चासो देखाएको कार्यक्रम संयोजक श्रेष्ठले बताइन् ।

संस्थाकी सूचना अधिकारी स्नेहा ताम्राकारले युवाहरूको क्षमता अभिवृद्धि, व्यक्तित्व विकासका लागि विभिन्न कार्यक्रम गर्दै आएको र युवाले नयाँ पुस्तालाई नेतृत्वदायी भूमिकामा ल्याउन कार्यक्रम आयोजना गर्दै आएको उनले प्रस्ट्याइन् ।

छलफलमा ल्याइएका विषयलाई राष्ट्रियस्तरमा बहसको विषय बनाइने उनले जानकारी गराइन् ।

सप्तरीकै अर्चना परियारले कार्यक्रम प्रभावकारी भएको र यस्ता कार्यक्रमको निरन्तरताले पछिल्लो युवा पीढीमा नेतृत्वदायी भूमिका विकास हुने विश्वास व्यक्त गरिन् ।

वीरगंजका दीपू वर्णवालले युवाहरूलाई जागरूक बनाउनको लागि प्रश्न सोध्ने क्षमता अभिवृद्धि गर्नका लागि कार्यक्रम फलदायी भएको बताए ।

## त्रिभुवन जयन्ती मनाइयो


तस्वीरः प्रतीक

प्रस, वीरगंज, ७ फागुन/

त्रिभुवन जयन्ती र पूर्वरानी कोमल राज्य लक्ष्मी शाहको जन्मदिन वीरगंजमा मनाइएको छ ।

देशभक्त राजभक्त समूहले महावीरस्थानमा त्रिभुवन जयन्ती र पूर्वरानी कोमलको ७२औं जन्मोत्सव मनाएको थियो ।

समूहका अध्यक्ष दीपेन्द्र रौनियारको अध्यक्षतामा आयोजित कार्यक्रममा उपाध्यक्ष राजकिशोर चौबे, जिल्ला सचिव सतीश श्रीवास्तव, समाजसेवी पशुपति विक्रम शाह, उषा शाह, सतार अन्सारी, हीराबहादुर चन्द, वीरेन्द्र थापा र मोतिउर रहमानलगायतले शुभकामना व्यक्त गरेका थिए ।

## सदस्यहरूको शपथग्रहण स्थगित, मधानी यज्ञमा जनसहभागिता जुटाउने निर्णय

प्रस, रौतहट, ७ फागुन/

नेकपा एमालेको ९औं जिल्ला अधिवेशनबाट मनोनयन भएका जिल्ला सदस्यहरूको शपथग्रहण शनिवार स्थगित गरिएको छ ।

जिल्लामा पार्टीभित्र अन्तर्द्वन्द्व रहेका कारण शपथग्रहण रोकिएको हो । मौलापुर नगरपालिकाको पिकनिक पार्कमा राखिएको शपथग्रहण कार्यक्रम आज स्थगित गरिएको नेकपा एमाले, रौतहटले जनाएको छ ।

शपथग्रहण कार्यक्रममा अधिकांश जिल्ला सदस्यको उपस्थिति थियो । पार्टीको माथिल्लो निर्देशन अनुसार एक हप्ताको लागि शपथग्रहण कार्यक्रम रोकिएको जिल्ला इन्चार्ज उपेन्द्र साहले बताए । आज आयोजित जिल्ला भेलाले फागुन १७ गते मौलापुरमा हुने मधानी यज्ञको उद्घाटन पूर्वप्रधानमन्त्री केपीशर्मा ओलीले गर्ने भएकाले एक लाख मानिसको सहभागिता जुटाउने निर्णय गरेको जिल्ला अध्यक्ष अमर साहले बताए ।

जिल्ला इन्चार्ज उपेन्द्र साहको प्रमुख आतिथ्यमा केन्द्रीय सदस्य तथा सहइन्चार्ज उद्धव रेग्मी, मधेस प्रदेशका सदस्यहरूले मन्तव्य व्यक्त गरेका थिए । जिल्ला अध्यक्ष अमर साहको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

## विचारसार र सूक्तिहरू

**राम्रो स्वभावले सुन्दरताको अभावलाई पूरा गर्छ तर सुन्दरताले राम्रो स्वभावको अभावलाई पूर्ति गर्न सक्दैन । –एडिसन**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# मानव देहको सार्थकता

मर्त्यलोकमा तीनवटा वस्तु अत्यन्त दुर्लभ हुन्छन्– मानवदेह, मोक्षको इच्छा र महापुरुषहरूको समागम । मानवदेहको लागि सन्त तुलसीदास भन्छन्–

**कबहुँक करि करुना नर देही । देत ईस बिनु हेतु सनेही ॥**

अनन्तकालदेखि अनेक पापयोनिहरूमा उत्पन्न भएर विभिन्न प्रकारका दारुण यातनाहरूबाट खिन्न हुँदै जीवहरूलाई देखेर अकारण– करुण, करुणा–वरुणालय भगवान् आफ्नो अंशभूत जीवमाथि कृपा गरेर मानवशरीर प्रदान गर्छन् । जुन शरीरको लागि देवताहरू लालायित हुन्छन्, त्यो सुरदुर्लभ मानवशरीर एकमात्र प्रभुकृपाले हामीलाई प्राप्त हुन्छ । यतिमात्र होइन, त्यो पनि भारतवर्षमा, जसको लागि देवताहरू भन्छन्– अहो ! ती धन्य छन्, जो भारतवर्षमा उत्पन्न भएका छन्– **धन्यास्तु ते भारतभूमिभागे ।** भारतवर्षमा पनि हामीहरूलाई यस समय श्रीवृन्दावनधाम प्राप्त भएको छ, यो प्रभुको झनै ठूलो कृपा हो । कारण संसारमा परम दुर्लभ महापुरुष–समागम यहाँ अत्यन्त सुलभ भइरहेको छ, जसबाट मोक्षविषयिणी इच्छा हुनु स्वाभाविक हो । यस्तो स्थितिमा जब तीनवटा वस्तु सुलभ भइरहेका छन्, यसबाट यो भावना हुन्छ कि अब प्रभु हामीहरूको अवश्य कल्याण गर्न चाहन्छन् । र भगवान् हाम्रो कल्याण गर्न किन चाहँदैनन् ? आखिर हामी पनि उनकै अंश हौं, अंशीले आफ्नो अंशमाथि कृपा गर्छ । भगवान् सनातन छन्, हामी उनको अंश पनि सनातन छौं, किनभने भगवान्ले नै भनेका छन्– **ममैवांशो जीवलोके जीवभूतः सनातनः ॥** र हाम्रो धर्म पनि सनातन छ । शास्त्र भगवान्को आज्ञाभूत हो, अतएव उनी पनि सनातन छन् ।

शास्त्रले मानवदेहको प्रयोजन तत्त्वजिज्ञासा अर्थात् सारवस्तु जान्ने इच्छा गर्नु बताएका छन्, न कि जन्मजन्मान्तरार्जित कर्मवश प्राप्त हुने फलहरू प्राप्ति– **'जीवस्य तत्त्वजिज्ञासा नार्थो यश्चेह कर्मभिः ।'** सनातन शास्त्रले सनातन जीवको लक्ष्य परब्रह्मको प्राप्ति बताएका छन् । अतः त्यसको प्राप्तिको लागि यत्न गर्नुपर्छ । कल्प–कल्पान्तरसम्म तेलीको गोरुसरह कोल्हुको वरपर घुमिरहनुपर्ने आवश्यकता छैन । सबैलाई शास्त्रको आधारमा आफ्नो लक्ष्य निर्धारण गर्नुपर्छ । शास्त्रप्रतिपादित सबै देव परब्रह्म नै हुन् । आआफ्नो रुचि अनुसार शिव, विष्णु, ब्रह्मा, दुर्गा आदिको उपासनाबाट फल सबैले एउटै पाउँछन् । जस्तै आआफ्नो रुचि अनुसार भोजनमा विभिन्नता भएपछि लक्ष्य भोकको निवृत्तिमा कसैको भेद हुँदैन । आऔं, हामी शास्त्रबाट आफ्नो लक्ष्य निश्चय गरौं–

**वदन्ति तत्तत्त्वविद्स्तत्त्वं यज्ज्ञानमद्वयम् ।**

**ब्रह्मोति परमात्मेति भगवानिति शब्द्यते ॥**

तत्त्वज्ञ मान्छेले अद्वय ज्ञानलाई नै तत्त्व भन्छन् । यही ब्रह्म, परमात्मा र भगवान् शब्दबाट भनिन्छ । यस प्रकार लक्ष्यलाई थाहा पाएपछि त्यसलाई पाउन कठिन हुन्छ । गीतामा भनिएको छ–

**मनुष्याणां सहस्त्रेषु कश्चिद्यतति सिद्धये ।**

**यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥**

हजारौं–लाखौं मनुष्यमा कुनै एक सिद्धि अर्थात् तत्त्वज्ञानप्राप्तिको लागि यत्न गर्छ तथा भगवत्–प्राप्तिको लागि तत्त्वसाक्षात्कारको लागि निरन्तर श्रवण, मननादिमा व्यासक्त ती सिद्धहरूमा कुनै एउटा तत्त्वतः अर्थात् नित्य, शुद्ध, बुद्ध, युक्त स्वभाव, आनन्दैकरस, अद्वितीय परतत्त्वरूप मलाई जान्दछ ।

हामीले सौभाग्यले मनुष्यजीवन पाएका छौं र हेर्दा यस्तो लाग्छ कि मुमुक्षा पनि छ, संयोगले वृन्दावनधाम पनि प्राप्त हुन्छ, जसको लागि भक्तजन भन्ने गर्छन्–

**यत्र वृन्दावनं नास्ति यत्र नो यमुना नदी ।**

**यत्र गोवर्धनं नास्ति तत्र मे न मनः सुखम् ॥**

जहाँ श्रीवृन्दावन छैन, त्यहाँ श्रीयमुना पनि हुँदैन र जहाँ हरिदास श्रीगोवर्धन हुँदैन, त्यहाँ मेरो मनले सुख पाउँदैन । अतः यस्तो पवित्रधाममा रहेर हामीले आत्मकल्याण अवश्य गर्नुपर्छ । त्यसको उपाय हो– **तं रसयेत् तं भजेत ।** अर्थात् त्यस परब्रह्म परमात्माको सदा भजन गर्ने तथा उसैको सदा अनुभव गर्ने । भगवान्को भजनबाट बिस्तारै–बिस्तारै अज्ञान मेटिन्छ र जसरी उसको अपसरण हुन्छ, त्यसरी नै बुद्धिमा धर्मको समादर हुन्छ । त्यसबाट बुद्धिमा स्वस्थता आउँछ, स्वस्थताको अनुपातबाट नै मनुष्यको सुखको उन्नति हुन्छ । शास्त्रले भनेको छ–

**यावद्यावत्तमोऽपैति बुद्धौ धर्मसमाहृतम् ।**

**तावत्तावद्धियः स्वास्थ्यं तावत्तावत्सुखोन्नतिः ॥**

कतै भगवान्को असीम कृपा भएको र उनको साक्षात्कार भएको छ, तब के भन्ने । त्यसपछि यसको समस्त सञ्चित कर्म नष्ट हुन्छ तथा यसको सम्पूर्ण संशय छिन्नभिन्न हुन्छ एवं हृदयको सबै गुत्थी सुल्झिन्छन् ।

**भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।**

**क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे ॥**

यस प्रकार ब्रह्मदर्शनपछि मनुष्यदेह कृतकृत्य हुन्छ । जसले क्षणभर ब्रह्मविचारमा मन स्थिर गर्छ, उसको ठूलो महत्त्व हुन्छ । शास्त्रले भनेको छ–

**स्नातं तेन समस्ततीर्थसलिले सर्वाऽपि दत्ताऽवनिः**

**यज्ञानां च कृतं सहस्त्रमखिला देवाश्च सम्पूजिताः ।**

**संसाराच्य समुद्धृताः स्वपितरस्त्रैलोक्यपूज्योऽप्यसौ**

**यस्य ब्रह्मविचारणे क्षणमपि स्थैर्यं मनः प्राप्नुयात् ।**

जसको एक क्षण पनि मन ब्रह्मविचारमा स्थिर भएको छ, उसले मानौं समस्त तीर्थको जलमा स्नान गरेको छ, सम्पूर्ण पृथ्वीको दानको फल उसले पाएको छ, सहस्त्र यज्ञको अनुष्ठान गरेको छ, सम्पूर्ण देवताको पूजनको फल पनि प्राप्त गरेको छ । आफ्नो समस्त पितृको उसले संसारबाट उद्धार गरेको छ तथा त्यो स्वयम् त्रैलोक्यमा पूज्य छ । अतः मानवदेह प्राप्त गरेर ब्रह्मविचार अवश्य गर्नुपर्छ, यही मानवदेहको सार्थकता हो ।

# नेपालका आगन्तुक चराहरू

**पृष्ठभूमि**

चराहरू उड्ने प्रजातिका जीव हुन्, जुन न्यानो ठाउँमा बस्न रुचाउँछन् । चराहरू कशेरुका न्यानो रगतका पशु हुन् अर्थात् वातावरणाको तापमानको साथ परिवर्तन हुँदैनन् । चराहरू एक ठाउँबाट अर्को ठाउँमा उड्ने प्रक्रियालाई चराको बसाइँसराइ भनिन्छ । वातावरणीय सन्तुलनका दृष्टिकोणबाट आगन्तुक चराहरूको धेरै महत्त्व हुन्छ किनभने यी चराहरूले बढी मात्रामा कीराफट्याङ्ग्राहरू खाने गर्दछन्, जसबाट वातावरण सन्तुलन भइरहन्छ । नेपालमा ८८६ प्रजातिका चराहरू पाइन्छन् । नेपालबाट आठ प्रजातिका चरा लोप भइसकेका छन् । १६७ प्रजातिका राष्ट्रियरूपमा सङ्कटापन्न अवस्थामा छन् । विश्वमैं दुर्लभ चरामध्ये नेपालमा ४४ प्रजातिका चरा पाइन्छन् ।

**विभिन्न सिमसार क्षेत्र र वन पर्यावरणको सूचकका रूपमा हेरिने यी आगन्तुक चराहरूको सङ्ख्यामा आएको उल्लेखनीय गिरावटले नेपालको बिग्रँदो वातावरणीय सन्तुलन र प्राकृतिक स्रोतहरूको ऱ्हासलाई जनाउँछ । अतः आगन्तुक चराहरू हाम्रा पाहुना हुन् । पाहुनाको संरक्षण गर्नु र जैविक सन्तुलन कायम गर्नु हाम्रो कर्तव्य हो ।**



स्वर्गचरी (Asian Paradise-Flycatcher)

**आगन्तुक चराका प्रकारहरू**

नेपालमा आगन्तुक चराहरू तीन किसिमका पाइन्छन् जुन यस प्रकार छन्–

१. रैथाने चरा
२. हिउँदे आगन्तुक चरा
३. ग्रीष्मकालीन आगन्तुक चरा

खासगरी उत्तरी ध्रुवमा हिमपातको सुरुआतसँगै अनुकूल मौसम, सुरक्षित बासस्थान र चरनको खोजीमा बर्सेनि करीब १५० प्रजातिका चराहरू उत्तरी मुलुकहरू रूस, किर्गिस्तान, तुर्किस्तान, उज्वेकिस्तान, अजरबैजान, चीन, मङ्गोलियाका साथै युरोप, कोरिया तथा तिब्बती क्षेत्रहरूबाट नेपालमा आउने गर्दछन् । नेपालको हिमाली क्षेत्रका रैथाने चराहरू पनि उच्च हिमाली क्षेत्रबाट हिउँदयामको जाडो छल्न र आहाराको खोजीमा नेपालका तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भूभाग तथा ताल, तलैया र नदी आसपासमा आउने गर्दछन् । यसैगरी, करीब पचास प्रजातिका बटुवा चराहरू नेपालको बाटो हुँदै दक्षिणी मुलुक भारत, पाकिस्तान र श्रीलङ्कातिर जाने गर्दछन् । त्यस्तै, वर्षायाममा पनि नेपालमा बच्चा कोरल्नको लागि बर्सेनि हजारौं चरा भित्रिन्छन् । यसरी जाडो छल्न आउने हिउँदे आगन्तुक चराहरू नेपालका प्रमुख सिमसार क्षेत्रहरू कोशी टप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बीसहजारी ताल, जगदीशपुर ताल, घोडाघोडी ताल, शुक्लाफाटा राष्ट्रिय निकुञ्ज तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीहरूमा नै मूलरूपमा आफ्नो समय व्यतीत गर्दछन् । यी हिउँदे पर्यटक चराहरू नेपाल आउने क्रम भदौ मध्यदेखि पुस मध्यसम्म जारी रहन्छ भने चैतसम्ममा प्रायःजसो आफ्नो स्थायी बसोबासमा फर्किसकेका हुन्छन् । यसर्थ असोजदेखि चैत महीनासम्मको समयलाई आगन्तुक चराको सिजन मानिन्छ । यसरी जाडोयाममा नेपालमा बसाइँ सरी आउने चराहरूको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् भने अन्य प्रजातिहरूमा शिकारी तथा मांसहारी चरा चाँचर, साना फिस्टा, अर्जुनक, झ्याप्सी, भद्राई आदि पर्दछन् ।

जाडो सकिँदै गर्दा हिउँदे आगन्तुक चराहरू आआफ्नो देश फिरिसकेका हुन्छन् भने दक्षिणी मुलुकहरू र अफ्रिकासम्मबाट ग्रीष्मकालीन आगन्तुक चराहरू बच्चा कोरल्न नेपाल आइसकेका हुन्छन्, जुन असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै बासस्थानमा फर्कन्छन् । यसरी आउने करीब चालीस प्रजातिका चराहरूको अधिकांश हिस्सा कोइली प्रजातिका हुन्छन् भने अन्य मुरलीचरी, स्वर्गचरी, चित्रकपिट्टा, कट्टुस टाउके आदि रहन्छन् । ग्रीष्मकालीन आगन्तुक चराहरूको मुख्य बासस्थान भने वन र यस आसपासका घाँसे मैदान तथा कृषिभूमि हुन् । यसरी नेपालमा आउने चराहरू हिउँदमा आउने हिउँदे आगन्तुक र वसन्त ऋतुको आगमनसँगै आउने ग्रीष्मकालीन आगन्तुक गरी आउने र जाने क्रम वर्षभरि नै निरन्तर चलिरहन्छ । यी आगन्तुक चराहरू केही बीचबीचमा बास बस्दै र केही सीधैं उडेर हजारौं माइलको यात्रा अनेकौं जोखिमहरू पार गर्दै नेपाल आउने गर्दछन् । विदेशबाट नेपाल आउने चरा सूर्य, चन्द्रमा तथा तारा देखिने दिशा, चुम्बकीय क्षेत्रको दिशा पहिल्याउँदै फ्लाई वेको आकाशे बाटो हुँदै नेपाल आउँछन् । जाडो छल्न आउने हिउँदे आगन्तुक चराहरूमध्ये केही विशेष प्रजातिका चराहरू छन् जस्तै खोया हाँस विश्वको सर्वोच्च शिखर सगरमाथा पार गरेर जाडोयाममा चीनको तिब्बत र रूसको साइबेरियाबाट नेपाल आउने गर्दछन् ।



खोया हाँस (Bar-headed Goose)

**स्वर्गचरी** (Asian Paradise-Flycatcher)

त्यस्तै, ग्रीष्म आगन्तुक जुरे कोइली अफ्रिका महादेशबाट करीब पाँच हजार किलोमिटर लामो दूरी पार गर्दै नेपाल भित्रिन्छ । नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र अन्डा अरू चराको गुँडमा पार्दछन् । उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चालाई हुर्काइदिन्छ ।

चुनौती तथा समस्याहरू यसरी नेपालमा बसाइँ सरी आउने चराहरू खासगरी बासस्थान सङ्कुचन तथा विनाश, कृषिमा रासायनिक मलको बढ्दो प्रयोग, जलस्रोतमा विषादीको प्रयोग, वन फँडानी र अतिक्रमण, वन डढेलो, घाँसे मैदानको नाश, तालतलैयाहरू सुक्नु, नदीहरू प्रदूषित हुनु, राष्ट्रिय निकुञ्ज आसपासका क्षेत्रमा आबादी बढ्नु, बालीनालीमा कीटनाशक औषधिको प्रयोग हुनु, आहाराको कमी, अवैध चरा शिकार तथा व्यापार, बदलिंदो तापमान र मौसम परिवर्तन जस्ता कारणहरूले सङ्कटमा फस्दै गइरहेका छन् ।

शहरीकरण, औद्योगिकीकरण, आणविक प्रयोग, अम्लीय वर्षा र जलवायु परिवर्तन जस्ता समग्र पर्यावरणीय चुनौतीहरूले पनि यी प्रजातिहरूको विवरण र जीवन प्रक्रियालाई हाँक दिइरहेको छ । पछिल्ला वर्षहरूमा यसरी बसाइँ सरी आउने आगन्तुक चराहरूको सङ्ख्यामा कमी आएको खोया हाँस (Bar-headed Goose) विभिन्न अध्ययन प्रतिवेदन र चरा अवलोकनकर्ताहरूको अनुभूतिले बताउँछ । अशिक्षा र संरक्षण चेतनाको कमीका साथै जनसङ्ख्याको बढ्दो चाप र गरीबीका कारण प्राकृतिक स्रोतमा अत्यधिक निर्भरताको प्रभाव स्वरूप यी चराहरूको आगमनमा देखिएको उल्लेखनीय गिरावट चरा संरक्षणमा ठूलो चुनौतीको रूपमा विकसित हुँदै गइरहेको छ । हिउँदेयामका आगन्तुक चराहरूको मुख्य आश्रयस्थल सिमसार भएकोले बिग्रँदो र खिइँदो सिमसारको स्वरूप, मिचाहा झारको प्रकोप र चोरी शिकारले यी पाहुना चराहरू प्रभावित भइरहेका छन् । ग्रीष्मकालीन पाहुना चराहरू मूलतः वनमा आश्रित हुनु र यसै समयमा हुने भीषण वन डढेलो तथा विनाशले गम्भीर सङ्कट झेलिरहेका छन् ।

विभिन्न सिमसार क्षेत्र र वन पर्यावरणको सूचकका रूपमा हेरिने यी आगन्तुक चराहरूको सङ्ख्यामा आएको उल्लेखनीय गिरावटले नेपालको बिग्रँदो वातावरणीय सन्तुलन र प्राकृतिक स्रोतहरूको ऱ्हासलाई जनाउँछ । अतः आगन्तुक चराहरू हाम्रा पाहुना हुन् । पाहुनाको संरक्षण गर्नु र जैविक सन्तुलन कायम गर्नु हाम्रो कर्तव्य हो ।

(विज्ञान लेखमाला)

- डा प्रवीणकुमार झा
त्रिचन्द्र बहमखी क्याम्पस

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि

काठमाडौं, ७ फागुन/रासस

नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ । पेट्रोलियम पदार्थको स्वचालित मूल्य प्रणाली अनुरूप निगमले पेट्रोल, डिजेल र मटीतेलमा रु तीन वृद्धि गरेको हो । शनिवार राति १२ बजेदेखि नयाँ मूल्य लागू हुने निगमले जनाएको छ ।

नयाँ मूल्य अनुसार पेट्रोलको मूल्य रु १४५ पुगेको छ भने डिजेल र मटीतेलको मूल्य रु १२८ कायम गरिएको छ । खाना पकाउने एलपी ग्याँसको मूल्य भने यथावत् राखिएको छ ।

अन्तर्राष्ट्रिय बजार मूल्य अनुरूप प्रतिलिटर पेट्रोल रु ५.६१ ले बढेको, डिजेल रु ५.६२ ले बढेको र हवाई इन्धन रु ४.९५ ले बढेर आएको निगमले जनाएको छ । सोही अनुरूप निगमलाई १५ दिनमा करीब रु दुई अर्ब ४० करोड घाटा हुने अवस्था रहेको कारण मूल्य बढाउन बाध्य भएको निगमले विज्ञप्तिमार्फत जनाएको छ ।



सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

अन्तर्राष्ट्रिय समाचार

# युक्रेनमा रूसी आक्रमणको निर्णय भइसकेको

## अमेरिकी राष्ट्रपति बाइडेनको भनाइ

वाशिङ्टन, ७ फागुन/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडनले रूसी राष्ट्रपति भ्लादिमिर पुटिन युक्रेनमा आक्रमण गर्ने निर्णयमा पुगेको र आगामी दिनमा युक्रेनी भूगोलमाथि आक्रमण हुन सक्ने बताएका छन्।



तस्वीरः फाइल

अमेरिकी गुप्तचर निकायले दिएको गोप्य जानकारीका आधारमा आफूले उक्त निष्कर्ष निकालेको र रूसले आक्रमण गर्दा सीमा क्षेत्रका युक्रेनी गाउँ तथा शहर मात्र निशानामा नरहने बाइडेनको भनाइ रहेको छ। रूसको आक्रमणको निशानामा राजधानी कीभ पनि पर्न सक्ने उनले बताए।

यद्यपि केही युरोपेली मुलुक र अमेरिकाले भनेजस्तो रूसले आक्रमणको योजना बनाइरहेको भन्ने समाचारमा कुनै सत्यता नरहेको रूसी अधिकारीले बताउँदै आएका छन्। युक्रेनमाथि आक्रमण गर्ने रूसी योजना रहेको र यसलाई आफूले निस्तेज पारिदिएको भनी जस लिने दाउमा केही शक्तिराष्ट्र लागिपरेको र युक्रेन आक्रमणबारे अफवाह मात्र फैलाइरहेको रूसी अधिकारीले दाबी गरेका छन्। रूसले युक्रेनबाट टुक्रिएको पूर्वी क्षेत्रमा बनावटी सङ्कट खडा गरेर हमला गर्ने कारणका रूपमा प्रस्तुत गर्न सक्ने भय पश्चिमा राष्ट्रको छ। अमेरिकाले एक लाख ६९ हजारदेखि करीब दुई लाख रूसी सैनिक युक्रेन र वरपरका क्षेत्रमा भेला भइरहेको आकलन गरेको छ। त्यसमा पूर्वी युक्रेनका स्वघोषित डोनिएत्स्क र लुहान्स्क गणतन्त्रमा तैनाथ रूसी समर्थन प्राप्त लडाकूको सङ्ख्या पनि जोडिएको छ।

यसैबीच ह्वाइट हाउसबाट गरेको टेलिभिजन सम्बोधनमा राष्ट्रपति बाइडनले रूसी फौजले युक्रेनमा आगामी दिन वा हप्तामा आक्रमण गर्ने योजना बनाएको विश्वास गर्ने आधार रहेको बताएका छन्। राष्ट्रपति पुटिनप्रति सङ्केत गर्दै उनले भने, "अहिलेको क्षणसम्म आइपुग्दा म विश्वस्त छु कि उनले त्यस्तो निर्णय गरिसकेका छन्।"

यसअघि अमेरिकी राष्ट्रपति र उनका उच्च अधिकारीले यस्तो अवस्था रहे या नरहेको आफूलाई जानकारी नभएको बताउँदै आएका थिए। तर उनले रूसले अझै पनि कूटनीतिक बाटो रोज्न सक्ने र अहिले पनि तनाव कम गरेर वार्ताको टेबलमा फर्कन ढिला नभइसकेको बताए।

यसअघि शुक्रवार रूसनिकट मानिने युक्रेनी नेताले युक्रेनले गोलाबारी बढाएको र हमला गरिरहेको भन्दै स्थानीयवासीको उद्धार गर्ने घोषणा गरेका थिए। उक्त समाचारलाई युक्रेनले बारम्बार आफूले आक्रमणको कुनै योजना नबनाएको बताउँदै खण्डन गर्दै आएको छ।

रूसले युक्रेनको पूर्वी डोनबास क्षेत्रमा सन् २०१४ यता सशस्त्र विद्रोहलाई समर्थन गर्दै आएको छ। त्यहाँको द्वन्द्वमा १४ हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ। रासस

# रूस र युक्रेनबीच बढ्दो तनावबीच लुहान्स्कमा शक्तिशाली विस्फोट

युक्रेन (कीभ), ७ फागुन/एएनआई

रूस र युक्रेनबीच बढ्दो तनावका बीचमा लुहान्स्कमा शक्तिशाली विस्फोट भएको स्पुतनिकले जनाएको छ।



तस्वीरः एजेन्सी

लुहान्सक क्षेत्र

विस्फोट ग्याँस पाइपलाइन दुर्घटनामा भएको र ठूलो आगोलागी भएको हुन सक्ने प्रक्षेपण गरिएको छ। स्थानीय ग्याँस पूर्वाधार व्यवस्थापन लिहान्स्कगासले विज्ञप्तिमार्फत जनाए अनुसार आपत्कालीन टोली अहिले त्यस क्षेत्रमा उपस्थित छ।

स्वघोषित डोनेटस्क र लुगान्स्क जनवादी गणतन्त्रले युक्रेनी सशस्त्र बलले गरेको गोलाबारीको समाचार सम्प्रेषण गरेपछि युक्रेनको डोनबासको सम्पर्क लाइनमा तनाव बढेको छ।

### करीब २५,००० लुहान्स्क बासिन्दा रूसको सीमापारि पुगे

डोनबासमा हिंसा बढ्न थालेपछि करीब २५,००० लुहान्स्क बासिन्दाले रूसको सीमा पार गरिसकेका छन्। आपत्कालीन मन्त्रालयका प्रवक्ताले शनिवार जनाए अनुसार एलपिआर र स्वयंघोषित डोनेटस्क जनवादी गणतन्त्र (डिपिआर)ले सम्पर्क लाइनमा तनाव बढ्दै गएपछि आफ्ना नागरिकलाई रूसको रोस्तोभ क्षेत्रमा सार्ने घोषणा गरेका हुन्।

"करीब २५,००० नागरिकले सीमा पार गरेका छन्," प्रवक्ताले रूसी कार्यवाहक आपत्कालीन मन्त्रीलाई बताए अनुसार ती व्यक्ति निजी सवारीसाधन प्रयोग गरी सीमा पार गरेका हुन्। प्रवक्ताले अहिले करीब १०,००० शरणार्थी सीमा पार गर्ने तयारीमा रहेको पनि उल्लेख गरेका छन्। रासस

# ब्रजीलमा पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या १३० पुग्यो

ब्रजील, ७ फागुन/सिन्ह्वा

दक्षिणपूर्वी ब्रजीलको रियो दि जेनेरियो राज्यको पेट्रोपोलिस शहरमा बाढी र पहिरोका कारण मृत्यु हुनेको सङ्ख्या शुक्रवार बढेर १३० पुगेको स्थानीय अधिकारीले बताएका छन्।

स्थानीय सिभिल डिफेन्स एजेन्सीको पछिल्लो प्रतिवेदनले पनि बेपत्ता भएका व्यक्तिको सङ्ख्या झन्डै दोब्बर भएर २०० भन्दा बढी पुगेको बताएको छ। मङ्गलवारको भारी वर्षाले नदीमा पानीको बहाव बढेको र धेरै घर ध्वस्त भएका थिए।

शुक्रवार दिउँसो प्रकोप क्षेत्रमा उडेका ब्रजीलका राष्ट्रपति जैर बोल्सोनारोले यो घटनाको दृश्य 'युद्ध दृश्य' जस्तो देखिन्छ भन्दै मन्त्रीहरूलाई उद्धारका रचनात्मक उपाय अवलम्बन गर्न निर्देशन दिएका थिए।

अग्निनियन्त्रकले विपद्को चार दिनपछि पनि मानिसलाई जीवितै उद्धार गर्न सम्भव भएको बताएका छन्। यद्यपि प्रतिकूल मौसमका कारण भग्नावशेष सार्न भारी मेशिनरी प्रयोग गर्न गाह्रो भएकाले उद्धार प्रयास सुस्त छ।

ब्रजील सरकारले प्रभावित क्षेत्रका लागि आपत्कालीन राहतका लागि करीब ५० करोड रियास (लगभग ९५ मिलियन अमेरिकी डलर) घोषणा गर्ने अपेक्षा गरिएको छ। रासस

# निर्वाचनमा देखाइने कार्ड अलि खतरनाक नै हुन्छ

### –प्रमुख निर्वाचन आयुक्त थपलिया

काठमाडौं, ७ फागुन/रासस

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आगामी स्थानीय तहको निर्वाचनमा राजनीतिक दल र उम्मेदवारलाई फूटबल खेलाडीलाई जस्तै नियम उल्लङ्घन भयो भनी रेडकार्ड देखाउने अवस्था सिर्जना नगर्न सुझाव दिएका छन्।



प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया। तस्वीरः सौजन्य

निर्वाचन आयोगद्वारा छैटौं निर्वाचन दिवसका अवसमा आयोजित कार्यक्रममा उनले फूटबलमा विभिन्न कार्ड देखाउँदा सचेत गराउने अवस्था रहे पनि निर्वाचनमा देखाउने कार्ड अलि खतरनाक रहने भएको हुँदा त्यसलाई समयमैं महसूस गर्न दल र उम्मेदवारलाई आग्रह गरे।

प्रमुख निर्वाचन आयुक्त थपलियाले भने, "निर्वाचन फूटबल खेल जस्तै हो, राजनीति दल र उम्मेदवार खेलाडीका रूपमा मैदानमा आउनुहुन्छ। आयोग रेफ्रीको भूमिकामा हुन्छ, निर्वाचनका समयमा मैदानमा रहेका खेलाडी (दल र खेलाडी)ले नियम उल्लङ्घन (फल्ट) गरिहाल्छ कि भनेर हेर्नुपर्ने हुन्छ।" फल्ट भए/नभएको हेर्ने आयोगसहित निर्वाचनमा खटिने दुई लाख ५० हजारभन्दा बढी जनशक्तिको जिम्मेवारी रहेको बताउँदै उनले भने, "हामी चाहन्छौं, कसैले कसैलाई फल्ट गऱ्यो भनेर रातो कार्ड देखाउनुपर्ने अवस्था सिर्जना नहोस्।"

प्रमुख आयुक्त थपलियाले आयोग र मातहतका कर्मचारीलाई निर्वाचनको तयारीलाई विशिष्ट अङ्क ल्याएर परीक्षा उत्तीर्ण गर्ने अवसरका रूपमा लिएर काम गर्न सुझाव दिँदै तपाईंले दिँदै आएको परीक्षाभन्दा योपटकको निर्वाचनका जिम्मेवारी फरक छ, यो परीक्षामा असफल हुने छुट तपाई हामी कसैलाई छैन बताए। उनले भने, "एकै चरणमा सबै स्थानीय तहमा निर्वाचन हुँदा स्वाभाविक कामको चटारो हामीलाई छ, अहिले थोरै समयमा धेरै गर्नुपर्ने हुन्छ, निर्वाचन परीक्षा भएकाले उत्कृष्ट अङ्क ल्याएर सफल हुनैपर्छ।"

**आफैं निर्देशित भएर काम गर्नुस्**

निर्वाचन आयुक्त डा जानकी तुलाधरले निर्वाचन लोकतन्त्रको आधारस्तम्भ भएकाले सबै पक्षको सहमति सुनिश्चित गर्दै समन्वय र सहकार्यको खाँचो औंल्याए। निर्वाचन आयुक्त सगुन शमशेर राणाले निर्वाचनलाई सहजरूपमा सफल तुल्याउन सामूहिक दायित्वका रूपमा बुझेर काम गर्न आवश्यक रहेको बताए।

निर्वाचन आयोगका सचिव गोकर्णमणि दुवाडीले स्वच्छ, निष्पक्ष, भयमुक्त विश्वासिलो र मितव्ययी निर्वाचन गर्ने आयोगको पुनित जिम्मेवारीलाई हामी सबैले अवसरका रूपमा लिएर पूरा गर्नुपर्छ भने।

आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलले निर्वाचनमा बेरुजू नआउने गरी काम गर्न र जिल्लामा निर्वाचनको वातावरण सिर्जना गर्न सुझाव दिए। निर्वाचन दिवसको मूल नारा 'निर्वाचनमा सबै, सधैं सँगै' भन्ने रहेको छ।

# प्रत्यायोजित विधायन विधेयक संसद्मा पेश गर्ने तयारी

## परिमार्जनमा समयसीमा खण्ड गायब

काठमाडौं, ७ फागुन/रासस

सरकारले कार्यपालिकाले बनाएका सहायक कानून १५ दिनभित्र सदनमा अनिवार्य पेश गर्ने प्रावधानसहित प्रत्यायोजित विधायनसम्बन्धी विधेयक संसद्मा पेश गर्ने तयारी गरेको छ।

प्रत्यायोजित व्यवस्थापनका आधारमा कार्यपालिकाद्वारा बनाइएका सहायक कानून संसद्मा पठाउनै पर्ने विज्ञको राय सुझाव समेटेर विधेयक अघि बढाउन लागिएको हो। कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले उक्त विधेयकलाई समृद्ध तुल्याउने क्रममा मस्यौदामाथि विषयविज्ञ र संसदीय समिति सभापतिसँग छलफल गरिरहेको छ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण बिडारीले कार्यपालिकाद्वारा बनाइएका नियमावली, निर्देशिका र कार्यविधिलगायतका सहायक कानून १५ दिनभित्र संसद्मा पठाउनुपर्ने र त्यसको परीक्षण एवं अनुगमन हुने प्रावधान राखेर विधेयकलाई समृद्ध तुल्याउने कोशिश भइरहेको बताए।

कार्यपालिकाद्वारा बनाइएका सहायक संसद्मा पठाउनै पर्ने समयसीमा उल्लेख गरी संसदीय समितिले गरेको मस्यौदा परिमार्जन गर्ने क्रममा मन्त्रालयबाट समयसीमासम्बन्धी खण्ड छुटेको थियो। अहिले त्यस विषयमा मन्त्रालयद्वारा विषयविज्ञसँग रायसुझाव लिने क्रम चलिरहेको छ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले तीन वर्षदेखि गहन अध्ययन गरी सरोकारवालासँगको परामर्शमा विधेयकको प्रारम्भिक मस्यौदा तयार पारेको थियो। मस्यौदामा ऐन अर्थात् विधेयक बनाउने प्रक्रिया, मस्यौदा परिमार्जन र सहमति प्राप्त गर्ने तरीका, प्रत्यायोजित विधेयक निर्माणको सीमा तथा अधिकारका विषय विषयवस्तु उल्लेख छ।

सहायक कानूनकै आधारमा दण्ड जरिवाना तथा कसूर बढाउने, घटाउने, कर लगाउने, उठाउने र खारेज गर्न पाइन्न तर पनि कतै त्यो अभ्यास भएका देखिएपछि विधेयकमा यो विषय पनि स्पष्टरूपमा खोलिएको छ। अदालत र अर्ध निकायका काम कारबाहीलाई असर पर्ने, मौलिक अधिकारलाई कुनै प्रकारले बन्देज र सीमा तोक्ने अधिकार सहायक कानूनद्वारा लगाउन सकिँदैन।

कार्यपालिका र मातहतका निकायले विनियम, कार्यविधि, निर्देशिका, बनाउन सक्ने भएपनि कस्तो अवस्थामा भन्ने विषय मस्यौदामा खुलाइएको छ। कुनै निकायमा तहगत जिम्मेवारी खुलाउन, मापदण्ड र गुणस्तर तोक्न ऐनले अधिकार प्रत्यायोजन गरेको खण्डमा भने सहायक कानूनको प्रयोगबाट ती कार्य गर्न सकिनेछ।

"परीक्षा पास गरेर कोरिया जानबाट कामदारलाई लामो समयसम्म रोक्ने काम होस् वा डेढ वर्षदेखि वीरगंज सुक्खा बन्दरगाहमा डेढ लाख बोरा रासायनिक मल अलपत्र तुल्याउनेलगायतका जति पनि नीतिगत भ्रष्टाचारसँग जोडिएका घटना छन्, ती अधिकांश काम सहायक कानूनबाटै भएको छ," सभापति बिडारी भन्छन्।

संसद्ले पहिलो कानून अर्थात् संविधान र ऐन बनाउँछ। ऐन अन्तर्गत अरू थुप्रै कानून बनाउने विश्वका धेरै मुलुकमा अभ्यास छ तर त्यो अधिकार संसद्ले दियो भने मात्र सहायक कानून बनाउन पाइन्छ। अमेरिकामा कानून बनाउने मुख्य जिम्मेवारी संसद्को भएको जनाउँदै कार्यकारीलाई त्यस्तो सहायक कानून बनाउने अधिकार दिएको पाइन्न। बेलायतमा भने संसद्ले बनाउन सकेन, भ्याएन अर्थात् प्राविधिक हिसाबले अनुकूल भएन भने अधिकार कार्यपालिकालाई दिने अभ्यास गर्दै आएको छ।

सभापति बिडारी भन्छन्, "नेपालमा भने २० प्रतिशत मात्रै कानून संसद्ले बनाउँछ भने ८० प्रतिशत कार्यपालिकाले बनाइरहेको अवस्था छ।" मुलुकमा कार्यपालिका र अरू निकायबाट समेत भइरहेको अन्धाधुन्धरूपमा सहायक कानून निर्माणको अभ्यासलाई प्रत्यायोजित विधायनसम्बन्धी विधेयक अघि बढाउन लागिएको हो। विधेयकमा सहायक कानून निर्माणका शर्त र आधारभूत सिद्धान्तसमेत तोकिदिएको छ। संसद्ले सहायक कानूनको परीक्षण र अनुगमन गर्ने प्रणाली नेपालमा हालसम्म अभ्यासमा छैन। विश्वका कयौं मुलुकमा संसद्मा छलफल भएर पास नभई त्यस्ता सहायक कानून लागू नहुने तथा संसद्ले अस्वीकार गर्न सक्ने व्यवस्थासमेत छ। अघि बढाउन लागिएको प्रत्यायोजित विधायन विधेयकमा कस्तो अवस्थामा सहायक कानून बनाउनुपर्छ तथा बनाइएका कानून प्रकाशन गर्न र संसद्मा पठाउने मापदण्ड एवं शर्तलाई अनिवार्य गरिएको छ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – कडाश्रम | वृष – सुसमाचार |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – धनलाभ | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – कर्मप्राप्ति | मकर – राज्यभय |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

घर निर्माण गर्दा निर्धारित मापदण्डको पालना गरौं,
शहरको सौन्दर्यीकरणमा सहयोग गरौं।

वीरगंज महानगरपालिका

# लोसपाको अगुवा कार्यकर्ता भेला

प्रस, वीरगंज, ७ फागुन/

लोकतान्त्रिक समाजवादी पार्टी, वीरगंज नगर कमिटीको आयोजनामा वडा नं १० मा अगुवा कार्यकर्ता भेला सम्पन्न भएको छ ।

लोसपा वीरगंज महानगरका अध्यक्ष ओमप्रकाश सर्राफको अध्यक्षतामा भएको अगुवा कार्यकर्ता भेलाको उद्घाटन प्रदेशसभा सदस्य रमेशप्रसाद कुर्मीले गरेका थिए ।


तस्वीरः प्रतीक

कार्यक्रममा जिल्ला अध्यक्ष पुरुषोत्तमलाल झा, लोसपाका नेताहरू सुरेन्द्र कुर्मी, रम्भा मिश्र, राजनारायण मिश्र, महानगर उपाध्यक्ष शेख फिरोज, दीपक गुप्ता, सदस्यहरू उदय गिरी, वीरेन्द्र साहलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा लोसपालाई बलियो बनाएको खण्डमा मधेसी उत्पीडितको अधिकार र पहिचान सुनिश्चित हुनेमा वक्ताहरूले जोड दिए । भेलाले ३१ सदस्यीय वडा एकाइ कमिटी गठन गरेको छ ।

# मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना

काठमाडौं, ७ फागुन/रासस

पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले बदली हुनाका साथै मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । हाल उक्त मौसमी प्रणालीको आंशिक प्रभाव रहे पनि आगामी तीन दिनसम्म बदली र वर्षा गराउने महाशाखाले प्रक्षेपण गरेको छ।

शनिवार राति देशको पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा मौसम सामान्यतया



सफा रहने सम्भावना छ। उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा मेघगर्जन, चट्याङसहित हल्का हिमपातको सम्भावना छ।

आइतवार देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा रहनेछ। देशका पहाडी भेगका केही स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना छ । देशका उच्च पहाडी तथा हिमाली भेगका केही स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ।

सोमवार पनि देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भागमा मौसम सामान्यतया सफा रहनेछ । पहाडी भूभागका थोरै स्थानमा मेघगर्जन, चट्याङसहित हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भेगमा हल्का हिमपातको सम्भावना रहेको छ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## तपाई निम्न मध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बाल विवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दबाव विवाह

**विचार गर्नुस,**
के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ?
यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकुदको संसार

## क्रिकेटको उपाधि बैरियालाई

प्रस, वीरगंज, ७ फागुन/

बहुदरमाई नगरपालिकामा सञ्चालित क्रिकेट प्रतियोगिताको उपाधि बैरिया टीमले जितेको छ।


तस्वीरः प्रतीक

एकडेर्वालाई फाइनलमा १३ रनले पराजित गर्दै बैरियाले उपाधि जितेको हो। पिपरा खेलमैदानमा आयोजित प्रतियोगिताको फाइनल खेलको 'म्यान अफ दी म्याच' असर्फी साह तेली घोषित भए।

प्रतियोगितामा 'म्यान अफ दी सिरिज'को उपाधि ओम सागर र उत्कृष्ट बलर अभय कुमार घोषित भए । कार्यक्रमका प्रमुख अतिथि शिव पटेलले विजेतालगायतलाई शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरेका थिए।

प्रतियोगितामा ८ वटा टीम सहभागी थिए।

## १२औं सिमरा गोल्डकप २०७८ बारे पत्रकार सम्मेलन

प्रस, जीतपुर, ७ फागुन/

सिमरा गोल्डकप-२०७८ चैत १० गते सञ्चालन हुने शनिवार पत्रकार सम्मेलन गरी जानकारी गराइएको छ।

पत्रकार सम्मेलनमा जीतपुरसिमरा उपमहानगरपालिकाकी उपप्रमुख सरस्वती चौधरीले चैत १० गतेदेखि शुरू हुने



पत्रकार सम्मेलनमा बोल्दै प्रमुख अतिथि उपप्रमुख चौधरीलगायत । तस्वीरः प्रतीक

प्रतियोगितामा उपमहानगरपालिकाले सक्दो सहयोग गर्ने प्रतिबद्धता जाहेर गरिन्। उनले उपमहानगरपालिकाको गौरव र पहिचान बनाएको सिमरा गोल्डकप फूटबल प्रतियोगिता सफल बनाउनको लागि उपमहानगरपालिकाले कुनै कसर बाँकी नराख्ने बताइन् ।

नवजनजागृति युवा क्लब सिमराले प्रत्येक वर्ष आयोजना गर्दै आएको सिमरा गोल्डकप फूटबल प्रतियोगिता यस वर्ष चैत १० देखि शुरू भएर चैत १९ गते सम्पन्न हुने वडाध्यक्ष हीराबहादुर गुरुङले बताए ।

प्रतियोगितामा ८३ लाख १२ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको क्लबका अध्यक्ष रामचन्द्र रामाले बताए। उनले प्रथम हुनेलाई रु १० लाख, द्वितीयलाई रु ६ लाख, सर्वोत्कृष्ट खेलाडीलाई मोटरसाइकल, अन्य विधागतरूपमा उत्कृष्ट हुनेलाई जनही २० हजार रुपैयाँले पुरस्कृत गरिने बताए। प्रतियोगिता अन्तर्गत प्रत्येक खेलका 'म्यान अफ दी म्याच' घोषित हुनेलाई जनही रु ६ हजार र स्थानीय उदीयमान खेलाडीलाई १५ हजार रुपैयाँबाट पुरस्कृत गरिने सचिव शम्भु ठकुरीले बताए ।

मधेस प्रदेशकै सबैभन्दा बढी पुरस्कार राशिको यो फूटबल प्रतियोगितामा आयोजकसहित १० वटा टीम सहभागी हुने बताइएको छ । प्रतियोगितामा दर्शक र सञ्चारकर्मीहरूको लागि बीमा व्यवस्था गरिएको लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी, वीरगंजका प्रदेश प्रबन्धक निशान्त लामिछानेले बताए ।

## शहीद स्मारक "ए" डिभिजन लिग : च्यासल रेलिगेशनमा

काठमाडौं, ७ फागुन/रासस



च्यासल युथ क्लब फ्रेन्ड्स क्लबसँग पराजित भएसँगै शहीद स्मारक 'ए' डिभिजन लिग फूटबलबाट रेलिगेशनमा परेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शनिवार भएको खेलमा फ्रेन्ड्स क्लबसँग २-१ गोलअन्तरले पराजित भएपछि च्यासल युथ क्लब एक खेलअगावै 'बी' डिभिजनमा घटुवा भएको हो। विसं २०७३ मा च्यासल 'ए' डिभिजनमा बढुवा भएको थियो।

फ्रेन्ड्सको जीतमा जमौल एन्थोनी फ्रान्कोइसले दुई गोल गरे । खेलको ३८औं मिनेटमा जमौल एन्थोनीले गोल गर्दै फ्रेन्ड्सलाई सुरुआती अग्रता दिलाएका थिए । खेलको ४३औं मिनेटमा जमौल एन्थोनीले पेनाल्टीबाट व्यक्तिगत दोस्रो गोल गर्दै फ्रेन्ड्सलाई २-० को अग्रता दिलाए ।

च्यासलका अभिषेक लिम्बूले पेनाल्टी क्षेत्रभित्र एन्थोनीलाई लडाएपछि फ्रेन्ड्सले पेनाल्टीको अवसर पाएको थियो।

त्यसपछि खेलको ५६औं मिनेटमा च्यासलका मौसा अबगानाले एक गोल फर्काए। मौसाले पेनाल्टीबाट एक गोल फर्काए पनि च्यासल २-१ ले पराजित भयो।

फ्रेन्ड्सका गोलकीपर राहुल यादवले पेनाल्टी क्षेत्रभित्र राजीव लोप्चनलाई फउल गर्दै लडाएपछि च्यासलले पेनाल्टीको अवसर पाएको थियो। यो जीतसँगै फ्रेन्ड्सले १२ खेलमा १० अङ्क जोडेको छ। फ्रेन्ड्स लिगको १२औं स्थानमा छ। च्यासल १२ खेलमा छ अङ्क जोडेर अङ्कतालिकाको अन्तिम स्थानमा छ।

## विश्वकप ग्लोबल छनोटः नेपालको लगातार दोस्रो जीत

काठमाडौं, ७ फागुन/रासस

आइसिसी पुरुष टी-ट्वान्टी विश्वकप ग्लोबल छनोट अन्तर्गत नेपालले फिलिपिन्सलाई पराजित गर्दै प्रतियोगितामा लगातार दोस्रो जीत दर्ता गराएको छ।

ओमानको मस्कटस्थित अल अमरेत क्रिकेट मैदानमा शनिवार भएको खेलमा नेपालले फिलिपिन्सलाई १३६ रनको भारी अन्तरले पराजित गरेको हो। सोही मैदानमा हिजो भएको ओमानविरुद्धको पहिलो खेलमा नेपाल ३९ रनले विजयी भएको थियो। जीतसँगै नेपाल चार अङ्क जोड्दै सेमिफाइनलनजीक पुगेको छ।

आजको खेलमा २१९ रनको लक्ष्य पछ्याएको फिलिपिन्सले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ८२ रनमा समेटियो। फिलिपिन्सका लागि जोर्डन अलेग्राले २७, ड्यानियल स्मिथले २०, कप्तान जोनाथन हिलले ११ तथा कपिल कुमारले चार रन जोडे। बलिङतर्फ नेपालका कप्तान सन्दीप लामिछानेले सर्वाधिक तीन विकेट लिए भने गुलशन झा, दीपेन्द्रसिंह ऐरी, कुशल मल्ल, अविनाश बोहरा र जीतेन्द्र मुखियाले समान एक/एक विकेट झारे।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा तीन विकेट गुमाएर २१८ रन जोड्यो। नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक १०४ रनको योगदान दिए। उनले ६१ बल खेल्दा १३ चौका र एक छक्काको मदतमा १०४ रन जोडेका थिए। कुशलको टी-ट्वान्टी अन्तर्राष्ट्रियमा यो सर्वाधिक रन हो।

यसअघि उनले ७७ रन बनाएका थिए। त्यसैगरी, कुशल नेपालबाट शतक बनाउने तेस्रो खेलाडी हुन्। यसअघि नेपालबाट ज्ञानेन्द्र मल्लले ५५ बलमा १०७ रन तथा पारस खड्काले ५२ बलमा १०६ रन बनाएका थिए। त्यसैगरी, दीपेन्द्रसिंह ऐरीले ८३ रन जोडे। उनले ४७ बलमा छ चौका र चार छक्का प्रहार गरे। लोकेश बम छ रनमा अविजित रहँदा कुशल मल्ल १२ रनमा आउट भए। आशिफ शेख शून्य रनमैं आउट भएका थिए।

फिलिपिन्सका लागि गुर्धुपिन्दर चोहान, मिग्गी पोडोस्की र ड्यानियल स्मिथले एक/एक विकेट लिए। नेपालले अब समूह चरणको अन्तिम खेल सोमवार क्यानडासँग खेल्नेछ।